# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)


**पत्र संख्या :**

**चलानी नं. :**

## प्रेश विज्ञप्ति

नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) को लागि स्वचालित अनलाइन कारोबार प्रणाली निर्माण गरिरहेको वाइको प्रा.लि.ले मिति २०७४/०१/०६ गते बुधबार प्रस्तावित प्रणालीको खाका प्रस्तुत गरेको छ ।

बुधबार आयोजित एक कार्यक्रममा वाइककोको तर्फबाट प्रणाली विकास व्यवस्थापक प्रदीप पद्मपाणीसहितको प्राविधिक टोलीले प्रस्तावित कारोबार प्रणालीका विविध पक्षमा नेप्सेका पदाधिकारी, उच्च व्यववस्थापन तथा कर्मचारीहरु समक्ष प्रस्तुती गरेको हो ।

प्रस्तुतीका क्रममा टोलीले कारोबार, राफसाफ तथा फछ्र्यौट, सुपरिवेक्षण तथा अनुगमन, जोखिम व्यवस्थापन लागयत प्रस्तावित प्रणालीमा रहेका विशेषताहरु माथि प्रकाश पारेको थियो । स्वचालित अनलाईन कारोबार प्रणाली निर्माण, स्थापना तथा सञ्चालनका विभिन्न चरणहरुमा गरिने कार्य हार्डवयर तथा सफ्टवेयरका बारेमा पनि टोलीले नेप्सेलाई जानकारी गराएको थियो ।

प्रस्तुतीकरण अघि नेप्सेका अध्यक्ष श्री रामजी रेग्मीले भारतबाट आएका तथा वाइकोका स्थानीय प्राविधिकहरु लाई स्वागत गर्दै पूर्ण स्वचालित अनलाइन कारोबार प्रणाली स्थापना गर्ने झण्डै दुई वर्षभन्दा अघि देखिको प्रयासले मूर्त रुप लिन लागेकोमा खुशी व्यक्त गर्नुभयो । 'यो प्रणाली सञ्चालनमा आएपछि नेपालको पुँजी बजार अझै गहिरो र व्यापक हुने विश्वास मैले लिएको छु,' उहाँले भन्नुभयो ।

कार्यक्रममा नेप्सेका प्रमुख कार्यकारी अधिकृत श्री सीताराम थपलियाले मुलुकको आर्थिक उन्नतिका लागि पुँजी बजारको विकास अपरिहार्य रहेको औंल्याउँदै बजारलाई आधुनिकीकरण गर्ने प्रक्रियामा नेप्से अगाडि बढेको बताउनुभयो । 'पूर्ण स्वचालित अनलाइन कारोबार प्रणाली मुलुकको पुँजी बजारमा कोशेढुंगा साबित हुने विश्वास मैले लिएको छु,' उहाँले भन्नुभयो ।

उक्त कार्यक्रममा वाइकोका प्रबन्ध निर्देशक श्री दिपेश प्रधानले प्राविधिक टोलीको परिचय गराउँदै उपस्थित सबैलाई स्वागत गर्नुभएको थियो ।

मिति : २०७४/०१/०७

मुराहरि पराजुली
प्रवक्ता


**पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।**

**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**

**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**

**email : info@nepalstock.com**